म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १ मंगलबार १५ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 30 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा स्कारपियो दुर्घटना

हेटौंडा, १४ साउन/धरान-चतरा सडकखण्ड अन्तर्गत मकवानपुरको बामगती गाउँपालिका-४ बागमती पुल नजिकै स्कारपिओ दुर्घटना हुँदा ५ जना घाइते भएका छन् । सोमबार बिहान बागमती गाउँपालिका-४ बागमती पुल नजिकै धरान चतरा सडक खण्डमा सिन्धुलीबाट हेटौंडातर्फ आउँदै गरेको विएडी ७३४६ नम्बरको स्कारपियो सोमबार बिहान आफैं अनियन्त्रित भएर सडकबाट २० मिटर तल खसेर दुर्घटना हुँदा ५ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

घाइते हुनेमा चालक उदयपुर कटारी नगरपालिका-४ तल्लो कटारी बस्ने वर्ष ३६ को दीपक परियार, मोरङ बिराटनगर बस्ने वर्ष ५६ कि लक्ष्मी थापा, वर्ष ६८ को हरि थापा, उदयपुर कटारी-४ तल्लो कटारी बस्ने वर्ष ५३ को राजिप थापा र वर्ष ४९ कि पुष्पा थापा घाइते रहेका छन् । प्रहरीका अनुसार उनीहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ भने अवस्था सामान्य रहेको छ ।

### प्रकाशकीय

## १३ वर्षको खारिँदो जोश

आजबाट हामी १३ वर्ष पूरा गरी १४ औंवर्षमा प्रवेश गरेका छौं । यो अवधिमा धेरैखाले आरोहअवरोह पारगर्दै साझाकुरालाई साझा चौतारीको रुपमा स्थापित गर्न सकेका छौं । यसको श्रेय हाम्रो चुस्त एवम् योग्य टिमसँगै समस्त पाठक, बिज्ञापनदाता, बिक्रेता, बितरक, शुभेच्छुक, शुभचिन्तकलाई नै दिन चाहन्छौं । तपाईं हाम्रो साझा प्रयासले साझाकुरालाई सयौं, हजारौं, वर्ष पारगर्न हामी तयार छौं । झरी-बादल, हावा-हुरी, गर्मी-जाडो, दिन-रात, सुख-दु:खको कुनै पर्वाह नगरी साझाकुराको टिम अहोरात्र खटिएको छ र साझाकुरालाई चट्टान झैं खडागर्न सफल भएको छ । कोभिड-१९ को विश्वब्यापी महामारीका कारण भएको लकडाउनले हाम्रासामु कठिन चुनौती खडा गरेको छ । लकडाउन पछिका दिनमा देखिएको विश्वब्यापी आर्थिकमन्दीले मोफसलका स्वरोजगार मिडियालाई ठूलो संकटको सामना गर्न बाध्य बनायो । बन्दाबन्दी पछि झन् मोफसलका मिडिया तहसनहस नै भयो ।

मोफसलका मिडियालाई बचाउने कार्यमा तीनै तहका सरकार संबेदनशील देखिएनन् । अझ तीनै तहका सरकारद्वारा आफू अनुकूल कानुन निर्माण गरेर संचारजगतलाई नै साँघुरो दायरामा राख्ने प्रपञ्च रचियो । संचारकर्मीले तीब्र बिरोध गरेपछि सरकारी तयारी केही हदसम्म पछाडि हटेको अवस्था हो । सरकारले आफूलाई अनुकूल हुनेगरी मात्र सूचना सार्वजनिक गर्ने कार्यलाई संचारकर्मीले बिरोध गरिरहेका छन् । मोफसलका साना र स्वरोजगारमूलक मिडिया सबल र सक्षम बनाउन पत्रकारितासँग सरोकार राख्ने सबै पक्षले पछिल्ला दिनमा खासै सहयोग गरेका छैनन् । सरकारी निकायले आफूलाई अनुकूल पर्ने मिडियामा मात्र सूचना दिने कार्यले दैनिक अखवार चलाउन निकै कठिन छ । समानुपातिक विज्ञापनका नारा भाषणमा मात्र सीमित बन्न पुगेको छ । मोफसलका मिडिया अहिलेसम्म पनि जेनतेन चलिरहेको अवस्था छ । हामीले लेखेको समाचार र पाठकले खोजेको समाचार बीचमा तालमेल हुन अझै सकिरहेको छैन कि भन्ने अनुभूति पनि हामीलाई भएको हो तर, पनि आर्थिक समस्याका कारण हामीले पाठकका चाहना अनुसारका समाचार सागम्री तयार गर्न सकेका छैनौं । सीमित स्रोतसाधनमा अत्यन्तै मितब्ययी रुपमा काम गर्नुपर्ने बाध्यकारी अवस्थाका कारण कतिपय समाचारको स्रोतसम्म पुग्न नसकेका कारण पाठकसामु समस्या सृजना भएका छन् । आगामी दिनमा यस्ता समस्यालाई सकेसम्म समाधान गर्दै जान हामी कटिबद्ध छौं । हामी हाम्रा पाठकबर्गको चाहनाबमोजिमका समाचार र सूचना हातमा पुऱ्याउन निरन्तर लागिरहने छौं । पाठकको चाहनालाई हामीले उच्चप्राथमिकतामा राखेका छौं । स्थानीय विषय, घटनाक्रम, समस्या, जनसरोकारका क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा निरन्तर कलम चलाउने स्थानीय लेखकको अभावका कारण विभिन्न आलेख साभार गर्न बाध्य छौं ।

स्थानीय बिषय र स्थानीय मुद्दामा कलम चलाउन ईच्छुक प्राध्यापक, शिक्षक, उच्चशिक्षा अध्ययनरत विद्यार्थी, कानुन ब्यवसायी, यातायात ब्यवसायी, उद्योगी, ब्यापारीले आफ्नो बिचार र भावना आम पाठकमाझ राख्ने साझा चौतारीको रुपमा साझाकुरालाई लिइदिनुहुन हामी बिनम्रतापूर्वक आग्रह गर्दछौं । हामीसँग हातेमालो गर्दै आफ्नो ब्यापार ब्यवसाय सफल बनाउने अभियानमा एककदम मात्र होइन कदमकदममा साथ दिन हामी तयार छौं । साझाकुरा दैनिकलाई कस्तो रुपमा हेर्ने ईच्छा, चाहना वा अभिलाशा छ ? भन्ने कुरा हाम्रा आदरणीय पाठक, बिज्ञापनदाता, शुभचिन्तक, शुभेच्छुक बर्गलाई नै जिम्मेवारी सुम्पन चाहन्छौं । बिश्वब्यापी आर्थिक मन्दीको प्रभावले हाम्रो यात्रालाई धेरै दौड्ने बनाउन निकै कठिन छ । तैपनि हामी निरन्तरको पदचापमा अगाडि बढिरहने प्रयासमा छौं । यहाँहरुको साथ, सहयोग, सुझाव, सल्लाहको अपेक्षा सहित हार्दिक आभार प्रकट गर्न चाहन्छौं । सबै नागरिकको सूचनामा समान पहुँच हुनुपर्ने मुल मुद्दालाई हामीले सदैब उठाएका छौं । संविधानप्रदत्त अधिकार रक्षाका लागि तपाईंहामी हातेमालो गर्नुको बिकल्प छैन ।

प्रकाशक
सबिन न्यौपाने

# बागमती प्रदेशको
# १८ महिना: दुई मुख्यमन्त्री, ३३ मन्त्री

प्रतिक्षा न्यौपाने

हेटौंडा, १४ साउन/ बागमती प्रदेश सरकारको १८ महिना अवधिमा ३३ जना सांसद मन्त्री बनेका छन् । ११० सदस्यीय बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात राजनीतिक दलमा ६ वटा दलबाट ३३ जना मन्त्री बनेका हुन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), राप्रपा र हाम्रो नेपाली पार्टीबाट सरकारमा सहभागी भए । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) भने सरकारमा गएको छैन । प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो सरकार २५ पुस २०७९ मा गठन भएको थियो । नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल मुख्यमन्त्री बने । १८ महिना सरकार चलाएका उनले ६ साउनमा राजीनामा दिएसँगै नेकपा एमालेको समर्थनमा कांग्रेसबाट बहादुरसिं लामा ९ साउनमा मुख्यमन्त्री भए ।



प्रदेशको १९ महिनाको अवधिमा बागमतीले दुई मुख्यमन्त्री पायो । जम्कट्टेल र लामाले ३३ जना सांसदलाई मन्त्री बनाए । जसमा केही सांसद मन्त्री पदमा दोहोरिएका छन् । ९ साउनमा मुख्यमन्त्री नियुक्त भएका लामाले आफू र एमालेका प्रकाश श्रेष्ठ बाहेक १२ जना नयाँ अनुहारलाई मन्त्री बनाए । २६ चैत ०७९ मा गठित जम्कट्टेल नेतृत्वको सरकारमा लामा आर्थिक मामिला तथा योजनामन्त्री थिए । माओवादीले एक वर्षपछि एमालेसँग सत्तासमिकरण गरेकाले लामा प्रतिपक्षमा पुगेर त्यसको ३ महिनामै मुख्यमन्त्री बनेर सरकारमा फर्किए ।

मुख्यमन्त्री लामाले कांग्रेसबाट ८ र एमालेका ६ जनालाई मन्त्री नियुक्त गरे । एमाले तर्फबाट सरकारमा दोहोरिएका प्रकाश श्रेष्ठलाई हाल कृषि तथा पशुपन्छी विकास मन्त्रीको जिम्मेवारी दिइएको छ । जम्कट्टेल सरकारमा उनी उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री थिए ।

मुख्यमन्त्री लामाले एमालेबाटै अमनकुमार मास्केलाई भौतिक पूर्वाधार विकास मन्त्री, कृष्णप्रसाद सिलवाललाई वन तथा वातावरण मन्त्री, सुकमाया तामाङलाई उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री, किरण थापालाई स्वास्थ्य मन्त्री र प्रेमभक्त महर्जनलाई श्रम, रोजगार तथा यातायात मन्त्रीको जिम्मेवारी दिए ।

कांग्रेसबाट आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री श्याम खड्का, युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन, संस्कृति, पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरी र मदुकुमार श्रेष्ठले विना विभागीय मन्त्रीको जिम्मेवारी लिए । कांग्रेसबाट मन्त्री बनेका सबै नयाँ अनुहार हुन् ।

### जम्कट्टेलले २१ सांसदलाई बनाए मन्त्री

१८ महिना मुख्यमन्त्री भएका शालिकराम जम्कट्टेल नयाँ सत्तासमीकरण नेपाली कांग्रेस र नेकपा एमालेको पोल्टामा पुगेपछि सरकारबाट बाहिरिए । २४ असार २०८१ मा नेकपा एमालेले सरकार लाई दिएको समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका उनले ६ साउनमा राजीनामा दिए । उनले तीनपटक सरकार फेरबदल गर्दा नेमकिपा बाहेकका राजनीतिक दलबाट २१ जना सांसदलाई मन्त्री बनाए । तीनपटकसम्मै माओवादीका तीन मन्त्रीहरु श्रेष्ठ, दुलाल र मोक्तान भने यथावत रहे ।

जम्कट्टेलले ३ माघ २०७९ मा पहिलोपटक १०५ जना सांसद, एमालेले सरकार छाडेपछि कांग्रेस, एकीकृत समाजवादीको समर्थनमा १० चैतमा दोस्रोपटक ६७ सांसद र कांग्रेसले सरकार छोडेपछि १९ चैत २०८० मा एमाले, एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीसँगको समर्थनमा तेस्रोपटक ५६ सांसदको विश्वासको मत लिएर सरकार टिकाए ।

बागमतीमा ११ वटा मन्त्रालय र मुख्यमन्त्रीसमेत गरेर १२ सदस्यीय मन्त्रिपरिषद रहेकोमा जम्कट्टेलले २ जेठ ०८१ मा १३ पुऱ्याए । पहिलोपटक २५ पुस २०७९ मा जम्कट्टेल मुख्यमन्त्री नियुक्त हुँदा एमालेबाट जगन्नाथ थपलिया आर्थिक मामिला तथा योजना र राप्रपाका उद्धव थापा खानेपानी, उर्जा तथा सिचाईं मन्त्री नियुक्त भएका थिए ।

जम्कट्टेलले ११ माघमा माओवादी केन्द्रबाट आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल र सामाजिक विकासमन्त्रीमा कुमारी मोक्तानलाई नियुक्त गरे । एमालेबाट थप मन्त्रीहरु स्वास्थ्य मन्त्रालयमा रामेश्वर श्रेष्ठ, कृषि तथा पशुपन्छी विकासमा केशव पोखेल र श्रम, रोजगार तथा यातायात मन्त्रालयमा एकालाल श्रेष्ठ ११ माघमा नियुक्त भए । राप्रपाबाट डम्बर तामाङ पर्यटन, उद्योग तथा सहकारीमन्त्री र राजु विष्ट वन तथा वातावरण मन्त्री बने ।

२ महिनामै सत्तागठबन्धन परिवर्तन भएपछि राप्रपाले १३ फागुनमा र एमालेले १० चैत ०७९ मा सरकारलाई दिएको समर्थन फिर्ता लिए । मुख्यमन्त्री जम्कट्टेलले दोस्रोपटक २६ चैतमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को समर्थनको सरकार विस्तार गरे ।

१० चैतमा ६७ सांसदको विश्वासको मत लिएपछि उनले कांग्रेसबाट आर्थिक मामिलामन्त्रीमा बहादुरसिं लामा र खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालयमा तीर्थ लामालाई नियुक्त गरे । ७ जेठ ०८० मा कांग्रेसबाटै स्वास्थ्य मन्त्रालयमा उत्तम जोशी, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमा पुकार महर्जन, वन तथा वातावरण मन्त्रालयमा मसिना खड्का, रामकृष्ण चित्रकार विना विभागीय मन्त्री नियुक्त भए ।

सोही मितिमा एकीकृत समाजवादीबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा डा.राजेन्द्रमान श्रेष्ठ र श्रम, रोजगार तथा यातायात मन्त्रालयमा लक्ष्मण लम्साल मन्त्री बने । कांग्रेस संसदीय दलका उपनेता चित्रकारलाई साढे दुई महिनासम्म विना विभागीयमै राखेर मुख्यमन्त्री जम्कट्टेलले अन्तत: मन्त्रालय विभाजन गरेर उद्योग तथा सामान्य प्रशासन मन्त्रीको जिम्मा दिए । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर उद्योग तथा सामान्य प्रशासन मन्त्रालय बनाइएको थियो ।

मुख्यमन्त्री बनेसँगै जम्कट्टेलले पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले बनाएको १४ वटा मन्त्रालयलाई गाभेर ११ वटामा झारेका थिए । चित्रकारलाई व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालय पुऱ्याइएको थियो । जम्कट्टेलले तेस्रोपटक १५ चैत ०८० मा सरकार विस्तार गरे । त्यतिबेला ३ जना नयाँ अनुहार मन्त्री बने भने बाँकी सांसद पुन: सरकारमा फर्किए । हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यलाई संस्कृति, पर्यटन तथा सहकारी मन्त्री बनाएर जम्कट्टेलले बहुमत जुटाएका थिए ।

एमालेबाट १७ चैतमा आर्थिक मामिलामन्त्रीमा थपलिया, मंगलबारै रामेश्वर श्रेष्ठ, एकालाल श्रेष्ठ र केशव पोखेल मन्त्रीमा दोहोरिए । एमालेबाट प्रकाश श्रेष्ठ उद्योग, प्रशासन मन्त्रीमा नयाँ अनुहार आएका थिए । एकीकृत समाजवादीबाट मन्त्री बनेकी रमा आलेमगर पनि नयाँ थिइन् । जम्कट्टेलले उनलाई २ जेठ ०८० को मन्त्रिपरिषद्बाट समाजिक विकास मन्त्रालय फुटाउने निर्णय गरेर युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिएका थिए ।





ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# राष्ट्रिय महत्वको आयोजनाप्रतिको नैराश्यता

विकास आयोजना निर्माणमा नेपालमा निकै ठूलो राजनीति चल्ने गरेको छ । ३ दसकमा पनि नसकिएको मेलम्ची खानेपानी, १५ वर्षमा तीनगुना बढी खर्चेको अपर तामाकोशी हाइड्रो, ६ जना मन्त्रीले पीक साबेल चलाएर शीलान्यास गरेको १५ वर्षसम्म पनि जग्गा अधिग्रहण नटुङ्गिएको निजगढ-काठमाडौं द्रूतमार्ग जस्ता राष्ट्रिय महत्वका आयोजना हेर्दा पुग्छ । हुन त राजनीतिक दूधले ननुहाएको मान्छे र नभिजेको ठाउँ खोज्ने हो भने एकाधबाहेक सायदै भेटिएला नेपालमा । गतवर्ष राष्ट्रिय राजनीतिमा निकै चर्चा र भूराजनीतिक धुव्रीकरणको विषय बनेको अमेरिकी सहयोग परियोजना एमसीसी र हाल नेपाली सेनाले निर्माण गरिरहेको तराई-मधेश द्रुतमार्ग यसका ज्वलन्त उदाहरण हुन् । यसैगरी, अन्य ठूला परियोजनामा लगानी जुटाउने क्रममा पनि राष्ट्रवादको घनचक्कर झल्किरहन्छ । केही मुद्दाहरुले भने राष्ट्रिय राजनीतिदेखि त्यसको जरासम्म विभाजित बनाएको छ । त्यसको नतिजा परियोजना, विकासको अपेक्षामा पर्खिरहेका उपभोक्ता, समग्र राष्ट्रिय अर्थतन्त्र र आमनागरिकले भोग्नु परिरहेको पीडाको कतै बयान गर्न सकिन्न । नेपालले खुला बजार अर्थनीति अंगालेदेखि वैदेशिक लगानी भित्रिन थालेको छ । पछिल्लो दशकमा केही विदेशी लगानीका आयोजना निर्माण भएका छन् । तर, यस्ता आयोजनाको निर्माणमा जब राष्ट्रवादी घनचक्कर झल्किन्छ, त्यसपछि राष्ट्रिय विकास नीति नै असफल सिद्ध हुन्छ । उधाहरणका लागि इम्बोस्ट नम्बर प्लेट हेर्दा पुग्छ ।

नेपालको आफ्नो मौलिकता नै लोप बनाएर नेपाली र बिहारी सवारी साधन उस्तै बनाइयो । पूर्वाधार निर्माणमा पूँजी चाहिन्छ । जुन नेपालको आन्तरिक स्रोतले सम्भव छैन । सरकारले कर्मचारी पाल्न समेत राजस्व उठाउन सकिरहेको छैन । विकासका संरचना निर्माण गर्न पूँजीगत खर्च विनियोजनको हिस्सा न्यून छ । यही र कम पनि बढीमा ८० प्रतिशत माथि सरकारले खर्च गर्न सकेको छैन । पूर्वाधारका नाममा विकास खर्च गरेर आयोजना अलपत्र पार्ने तथा ठेकेदारलाई गाली गर्ने र कार्यकर्ता पाल्न असारको बाढीमा बजेट खन्याउने जुन सिन्टम देखिएको छ, यसले विकास र पूँजी निर्माण, प्राकृतिकस्रोत दोहनमा नकारात्मक असर पारिरहेको छ । एउटा संरचना निर्माणमा अर्थतन्त्रको अर्थतन्त्रको अर्कोपक्ष पनि जोडिएको हुन्छ, जुन एक बिग्रिने बित्तिकै आर्थिक प्रणालीको इकोसिष्टम नराम्ररी प्रभावित हुन्छ भन्ने हेक्का राख्नु जरुरी छ । जसमा राज्यको नीति प्रस्ट हुनु आवश्यक छ, समयमै विकास गरेर आयोजना निर्माण सम्पन्न गर्ने हो वा राज्यको रकम बगाएर अर्थतन्त्र ध्वस्त पार्ने ? अर्कोतर्फ, आजको दिनमा वैदेशिक सहायता र लगानीविना बलियो अर्थतन्त्र निर्मणमा अघिबढेका थोरै देश मात्र छन् । जुन देशको स्रोतसाधन र पूँजी आफैंसँग छ । तर, नेपाल त्यो अवस्थामा छैन । सिंगापुर, मलेसिया, यूएईलगायतका देश सम्वृद्धिको बाटामा बलियो र दिगो आर्थिकसंरचनामा उभिएका अन्तर्राष्ट्रिय लगानीले नै हुन् । उदार लोकतान्त्रिक अर्थव्यवस्था अंगाली सकेपछि विकासका पूर्वाधार अघि बढाएर छिटो सम्वृद्धि हासिल गरेर राज्य बलियो बन्ने बाटोतर्फ अग्रसर हुनुपर्ने हो । तर, नेपालमा मन्त्री फेर्ने भन्दा बढी कसरत नै हुन छाड्यो । यसको ज्वलन्त उदाहरण भनेको बागमती प्रदेशमा बनेका मन्त्री संख्या हो ।

बागमती प्रदेश सरकारको १८ महिना अवधिमा ३३ जना सांसद मन्त्री बनेका छन् । ११० सदस्यीय बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात राजनीतिक दलमा ६ वटा दलबाट ३३ जना मन्त्री बनेका हुन् । अबको १८ महिनामा पुन ३३ जना मन्त्री बन्दा बाँकी प्रदेशसभा सदस्यको पालो पनि आउने सम्भावना छ । यो नाटक किन मञ्चन गरिन्छ ? यसको जवाफ हामीसँग छैन । मुलुकलाई समृद्धिको बाटोमा लैजाने भाषणमा मात्रैहो त ? गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रतिफलविहीन बनेको छ । करिब ४० अर्ब रुपैयाँ ऋण लिएर निर्माण सम्पन्न गरिएका यि परि योजनाको भविष्य अनिश्चित छ । विशेषगरी पर्यटक लक्षित गरी निर्माण गरिएका यी विमानस्थलमा अन्तर्राष्ट्रिय उडान कम्पनीले चाँसो नदिँदा सञ्चालनको खर्च समेत धान्न सकस हुने अवस्था आएको छ । ऋण काढेर निर्माण सुरु गरिएका संरचना समयमै सम्पन्न नहुँदा एकातिर समय र आर्थिक लागत बढ्दै गएको छ । जसको अनुमोदन सरकारले नै गरिरहेको छ । अर्कोतर्फ सम्पन्न आयोजनाको भविष्य समेत अन्यौलपूर्ण छ । यसबाट संरचना निर्माण गरेर मात्र हुँदैन भन्ने पाठ सरकारले समयमै सिक्नुपर्छ । त्यसको लागि आवश्यक नीति तथा योजना पनि अघि बढाउनतर्फ ध्यान जान जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १६ गते बुधबार ३१ जुलाई २०२४ । एकादशी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२७, सूर्यास्त ६:५२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दिन राम्रोसँग बित्नेछ | तुला | : परीक्षामा सफलता मिल्नेछ |
| वृष | : चोट लाग्ने सम्भावना देखिन्छ | वृश्चिक | : पढाइमा रुचि बढ्नेछ |
| मिथुन | : चिन्ता, भय र आशंका बढ्नेछ | धनु | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| कर्कट | : सन्तोष र प्रतिष्ठा मिल्नेछ | मकर | : शुभ समाचार मिल्नेछ |
| सिंह | : काममा प्रगति हुनेछ | कुम्भ | : भाग्योदयको योग छ |
| कन्या | : व्यापारमा लाभ हुनेछ | मीन | : सहयोगी हातहरु बढ्नेछ |

# कूटनीति, विकास र तथ्याङ्क



डा. श्याम उपाध्याय

ज्ञान-विज्ञानका अन्य विधा जस्तै कूटनीतिका पनि दुई आयाम हुन्छन्- काल र जगत । कौटिल्यले यी दुईमध्ये काल अर्थात् समयलाई प्रधान मान्दै भनेका थिए- 'कूटनीतिमा समय नै सबै थोक हो । गलत समयमा गरेका सही कुरा पनि अन्य कुनै पनि समयमा गरेका गलत कुरा जस्तै घातक हुनसक्छन् ।' आधुनिक कूटनीतिमा पनि यी दुवै आयामको त्यति नै महत्व छ तर विज्ञान तथा प्रविधिको विकासले यिनको दायरा र सान्दर्भिकतामा व्यापक परिवर्तन ल्याएको छ । राष्ट्रहरूको सम्बन्ध अल्पकाल र छेउछाउका राज्यलाई हेरेर होइन समग्र इतिहास र भूगोल हेरेर निर्धारण हुन्छ जसको लागि कूटनीतिक अंगहरूसँग धुलाम्मे फाइलका पुराना चाङ होइन समयको प्राधान्यलाई ख्याल गरिएको अद्यावधिक तथ्य-तथ्याङ्क उपलब्ध हुनुपर्छ ।

प्रविधिले सूचनाको उत्पादन र वितरणलाई धेरै सरल बनाइदिएकोले नेपाल जस्ता कमजोर संरचना भएका देशले आफ्नै क्षमताले संकलन र भण्डारण गर्न नसके कमसेकम अन्तर्राष्ट्रिय सूचना तथा तथ्याङ्क केन्द्रहरूमा पहुँच कायम गरेर देशको कूटनीतिक क्षेत्रको आवश्यकता पूरा गर्न सक्छन् । मूल कुरा राज्यका अन्य क्रियाकलापमा जस्तै कूटनीतिमा पनि नीतिनिर्माण र कार्यान्वयन हचुवा र कोरा राजनीतिक आदेशको भरमा होइन वस्तुगत सूचनाको आधारमा हुनुपर्छ भन्ने धारणालाई सम्बन्धित अंगहरूले आत्मसात् गर्नु जरूरी छ ।

बाहिर भन्ने गरिए जस्तै मुलुकको वैदेशिक सम्बन्धको प्राथमिकतामा आर्थिक विकास पनि परेकै हो भने तथ्याङ्कको उपादेयता अझ बढी टड्कारो हुन जान्छ । यस लेखमा प्रभावकारी वैदेशिक सम्बन्ध सञ्चालन गर्न कूटनीतिक अंगहरूसँग हुनुपर्ने तथ्याङ्क, प्रयोग गर्ने ज्ञान र क्षमताको खाँचोबारे चर्चा गरिनेछ ।

### भियना महासन्धि र कूटनीतिक नियोग

राष्ट्रहरूबीचको कूटनीतिक सम्बन्धलाई व्यवस्थित गर्न संयुक्त राष्ट्रसंघको तत्वावधानमा सन् १९६१ मा भियनामा एक महासन्धिको प्रारूप तयार गरिएको थियो जुन २४ अप्रिल १९६४ देखि लागू भयो र यसलाई नेपाल लगायत विश्वका १९३ मुलुकहरूले अनुमोदन गरिसकेका छन् । सो महासन्धिको धारा ३ मा उल्लेख भए अनुसार कुनै पनि देशको कूटनीतिक नियोगको प्राथमिक कार्य सम्बन्धित देशमा रहेका आफ्ना नागरिकहरूको हितको संरक्षण गर्नु हो । यस कार्यको लागि कूटनीतिक नियोगमा अनिवार्य उपलब्ध हुनुपर्ने तथ्याङ्क भनेको मातहतका मुलुकहरूमा बसोबास गरेका नेपालीहरूको विस्तृत लगत हो ।

कुन देशमा कति नेपाली छन् भन्ने मोटामोटी संख्या त तिनलाई सेवा दिने उद्देश्यले दूतावासहरूमा खटिने कर्मचारीको दरबन्दी तोक्न पनि आवश्यक पर्नुपर्ने हो । दुर्घटना र विपद् पूर्वसूचना दिएर आउँदैन । विदेशमा बसेका नेपालीहरू समस्यामा पर्दा दूतावासले तत्काल सेवा प्रदान गर्नुपर्ने हुन्छ तर आवश्यक विवरणको अभावले त्यस्तो सेवा प्रदान हुन नसकेको या ढिलो भएका घटनाहरू पर्याप्त छन् । विज्ञान र प्रविधिले ल्याएका परिवर्तनले कूटनीतिक सम्बन्धका परम्परागत मान्यतालाई पनि प्रभावित गरेको छ । नेपालले कुन देशसँग घनिष्ठ र कामयाबी सम्बन्ध कायम राख्न र विकास गर्नुपर्छ भन्ने बहसमा भौगोलिक निकटतालाई तथ्याङ्कले चुनौती दिएको छ । हाम्रा विद्यार्थीहरूको संख्या चीनमा भन्दा अष्ट्रेलियामा बढी छ भने भियना महासन्धि अनुसार कुन देशलाई कूटनीतिक प्राथमिकतामा राख्नुपर्छ भन्ने प्रश्न उठ्न सक्छ ।

उच्च आय र दक्ष पेशाको लागि काम गर्न विदेश गएका नेपालीहरूको संख्या सीमावर्ती मुलुकभन्दा सात समुद्रपारका मुलुकमा निकै बढी छ । नेपालको विकासमा विदेशमा बसेका नेपाली विशेषज्ञहरूलाई उनको ज्ञान र सीपको उपयोग गर्न अवसर दिने र यस प्रयोजनको लागि उनीहरूलाई आकर्षित गर्ने सरकारी नीति हो भने त्यस्ता नेपालीको संख्या बढी भएको मुलुकमा हाम्रो बलियो कूटनीतिक उपस्थिति हुनुपर्दछ र त्यस विषयमा निर्णय गर्नुअघि पनि तथ्याङ्क नै केलाउनुपर्दछ । तत्काल उल्लेखनीय मात्रामा नदेखिए पनि विदेशमा लगानी गर्ने नेपाली व्यवसायीहरूको संख्या पनि बढिरहेको छ र उनीहरूको व्यावसायिक हितको संरक्षण गर्ने दायित्व पनि नेपाली दूतावासकै हो । अवश्य नै कूटनीतिको लागि समग्र राष्ट्रिय सुरक्षाको प्रश्न पनि महत्वपूर्ण होला जुन यो लेखको विषय होइन, तर विदेशमा बस्ने नेपालीहरूको हितको संरक्षण पनि उच्च प्राथमिकताको विषय नै हो ।

नेपाली राजनीतिक वृत्तमा र कहिलेकाहीं संसद्कै बहसमा पनि 'विदेश गएका नेपालीहरूलाई स्वदेश फर्काउने' भनी फगत राजनीतिक उपभोगको लागि दिइएका सस्ता नारा सुन्न पाइन्छ, तर अहिलेसम्म कति फर्के भन्ने तथ्याङ्क भने कतै उल्लेख हुँदैन । राष्ट्रिय अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको देन गत दश वर्षदेखि लगातार घटेर अहिले ५.० प्रतिशतभन्दा तल झरेको छ । रोजगारीको अवसर सिर्जना गर्ने आर्थिक गतिविधिले नै गति लिन नसकेको अवस्थामा विदेशतर्फ लाग्ने युवाहरूको संख्या भविष्यमा अझ बढ्दै जानेछ । सरकार आफैं वैदेशिक रोजगारीका नयाँ-नयाँ गन्तव्यको पहिचान गर्दैछ र श्रम सम्झौता गरिएका र खुला श्रम स्वीकृति जारी भएका देशहरूको संख्याले सय नाघिसकेको छ । यस्तो अवस्थामा विदेश गएका नेपाली फर्काउने निरर्थक कुराको तुलनामा विदेशमा बसेका नेपालीलाई दूतावासहरू मार्फत सम्बन्धित देशमा नै मताधिकार लगायत संविधान तथा कानुनप्रदत्त सबै सेवा सुलभताका साथ पुऱ्याइयोस् भन्ने माग गरेको भए त्यो अधिक सार्थक हुनेथियो ।

नेपाल फर्क भन्ने 'गाउँफर्के' पाराको नाराले भन्दा विदेशबाटै आमनिर्वाचन जस्ता राष्ट्रिय महत्वका घटनामा सहभागी हुन पाए नागरिकले मातृभूमिले उसप्रति निजत्व देखाएको महसुस गर्ने थिए । यस प्रयोजनको लागि पनि सेवाग्राही समूहको आकारको अनुपातमा सेवाको गुण तथा परिमाणको वृद्धि गर्न कूटनीतिक अंगहरूलाई नेपाली आप्रवासीहरूको संख्या, वृद्धिदर र प्रमुख गन्तव्य सम्बन्धी तथ्याङ्कको जरुरत पर्नेछ ।

### प्रभावशाली मुलुक र आर्थिक कूटनीति

'के नेपाल सानो छ ?' शीर्षकको चर्चित निबन्धमा 'नेपालभन्दा चीन ठूलो कसैले मलाई भन्यो भने त मलाई मान्छेभन्दा हात्ती ठूलो भनेको सुन्दा हाँस्न मन लागे जस्तो लाग्छ' भनेर व्यंग्य गर्दै महाकवि देवकोटाले लेखेका थिए, 'माटोको परिमाणले खेत ठूलो म गन्दिनँ, त्यसको गुण, अवस्था, उब्जनी र भावुक प्रभावको कसीले मात्र ।' देशहरूको प्रभावशालिता तिनको परिमाणात्मक सूचकले भन्दा गुणात्मक श्रेष्ठताले निर्धारण गर्छ भन्ने देवकोटाको कथनको सान्दर्भिकता वर्तमान विश्वमा अझ व्यापक भएको छ र यसलाई हाम्रो कूटनीतिले देशको वैदेशिक नीतिको प्राथमिकताको मापदण्ड बनाउनुपर्दछ ।

जम्मा ६० लाख जनसंख्या भएको सिंगापुरको अन्तर्राष्ट्रिय प्रभाव १८ करोड जनसंख्या भएको बंगलादेशको भन्दा बढी छ भन्दा कुनै अतिशयोक्ति हुने छैन । नेपालभन्दा सानो स्विट्जरल्याण्डको स्विस फ्रान्कको स्थान विश्व मुद्राबजारमा चीनको युआन भन्दा माथि छ । विश्वलाई पारमाणविक खरानी बनाउने युद्धको हाँक दिइरहेको पुटिनको रूसमा जनताको सरदर आयु हाम्रो सानो छिमेकी भुटानको भन्दा छोटो छ ।

विश्व भोकमरी सूचकांकमा नेपालको स्थिति भारतको भन्दा धेरै राम्रो देखेर या प्रेस स्वतन्त्रता सूचकांकमा नेपाल ७४औं स्थानमा तर भारत पुछारमा १५९औं स्थानमा भएको तथ्यलाई पचाउन नसकेर हरेक वर्ष ती प्रतिवेदन प्रकाशित हुँदा भारतीय सञ्चार जगत कामज्वरो आएको रोगी जसरी छट्पटाएको हुन्छ । यी बाहेक अन्य धेरै यस्ता उदाहरण छन् जसमा कुन देश कति बलियो र प्रभावशाली छ भन्नेबारे सर्वसाधारणले पालेर बसेको पूर्वाग्रहलाई तथ्याङ्कले गलत साबित गरिदिन्छ । कूटनीतिक अंगमा कार्यरत अधिकारीहरू यस्ता तथ्यबारे जानकार हुन र सकेसम्म ती सूचकांकको विधि र अन्तरनिहित परिसूचकको ज्ञान राख्न समर्थ हुनुपर्दछ ।

आर्थिक कूटनीति भनेको परराष्ट्र सेवामा संलग्न अधिकारीहरू र आक्कलझुक्कल राजदूत पनि बन्न भ्याएका राजनीतिककर्मीहरूले कुरा गर्दा प्रयोग गर्ने थेगो मात्र हुनुहुँदैन । त्यसको कार्यसूची र प्रगति अनुगमन प्रक्रिया हुनुपर्छ । हाल त्यो कति परिणाममुखी छ र के-कस्ता उपलब्धि हासिल भए भन्ने प्रश्नको भने ठोस उत्तर पाइँदैन । आर्थिक कूटनीति विषयक केही नीतिगत प्रकाशन हेर्दा यस अन्तर्गत मूलत: वैदेशिक लगानी, नेपालमा उत्पादित वस्तुको निर्यात र पर्यटन प्रवर्धनलाई जोड दिइएको छ ।

आर्थिक कूटनीतिलाई प्रसंगमा ल्याइनु र निर्यात प्रवर्धनलाई प्राथमिकतामा राखिनु सिद्धान्तत: प्रशंसनीय छ । भियनास्थित राष्ट्रसंघीय औद्योगिक विकास संगठन (युनिडो) ले कुनै पनि देशको आर्थिक प्रभावलाई विश्व वस्तु बजारमा त्यसको निर्यातको हिस्साले निर्धारण गर्ने गरी परिभाषित गरेको छ । औद्योगिक क्रान्तिको हालको चौथो चरणलाई ध्यान दिंदै उच्च प्रविधियुक्त औद्योगिक वस्तुहरूको उत्पादन र निर्यातमा बढी हिस्सा हुने देशहरूले सूचकांकमा माथिल्लो स्थान लिएका हुन्छन् ।

पछिल्लो तथ्याङ्क अनुसार प्रतिस्पर्धात्मक औद्योगिक विकास सूचकांकमा प्रथम स्थानमा जर्मनी र दोस्रोमा चीन छ भने नेपाल १३२औं स्थानमा छ । यस तथ्याङ्कले औद्योगिक उत्पादन र निर्यातको क्षेत्रमा नेपालसँग समानस्तरमा रहेका देशहरूको पहिचान गरी र उनीहरूसँग सहयोग विस्तारका ढाँचा तथा कार्यक्रम तयार गर्नको लागि उद्योग तथा वाणिज्य मन्त्रालयसँग समन्वय गर्न मद्दत गर्छ । नेपालसँग पर्याप्त निर्यातजन्य वस्तु र व्यवसायीहरूको आकांक्षा निर्यातको अत्यावश्यक शर्त हो, तर पर्याप्त आधार होइन । आयात गर्ने इच्छुक देशको बजार संरचना, प्राथमिकता, शर्त र नियम कानुनको ज्ञान पनि त्यति नै जरूरी छ । एकपटक मलाई नेपालबाट आएको साना-उद्यमी व्यवसायीहरूको प्रतिनिधि मण्डलको अष्ट्रियाको चेम्बर अफ कमर्ससँग भेटको आयोजना गरिदिने अवसर मिलेको थियो । सो भेटमा नेपाली पक्षले उनीहरूले पठाएको तयारी पोशाक ठूलो मात्रामा अस्वीकृत भएर फिर्ता आएको शिकायत गरेका थिए ।

त्यसको कारण बुझ्दा नेपालमा सिइएको पोशाकमा मेसिनमा धुने कि हातले धुने र कति तापक्रममा इस्त्री गर्न हुने जस्ता सूचना भएका ट्यागहरू छुटेका रहेछन् । ट्याग नभए पोशाक बेच्ने पसलहरूले आपूर्तिकर्तालाई सामान फिर्ता दिंदा रहेछन् । विकसित मुलुकहरूमा उपभोक्ता अधिकार सम्बन्धी नियम कडा छ । उपभोक्ताले छिटो सड्ने खाद्यवस्तु बाहेक अन्य कुनै पनि सामानको गुणस्तर मन नपरेको खण्डमा प्रयोग गरिसकेको भए पनि निश्चित समय सीमाभित्र फिर्ता गर्न पाउँछ ।

आफ्नो सामानको गुणस्तरको साथसाथै निर्यात गरिएको देशले सोही सामान अन्य कुन देशबाट आयात गर्दछ अर्थात् प्रतिस्पर्धी देशको सामानको गुणस्तरबारे पनि सूचना हुनु आवश्यक छ । कुन देशले के सामान आयात र के निर्यात गर्छ भन्नेबारे सम्बन्धित देशका भन्सार कार्यालयहरूबाट संकलन गरिएको विस्तृत लगतको आधारमा राष्ट्रसंघले खुला पहुँच दिइएको वस्तु व्यापार तथ्याङ्क भण्डार (युएन कमट्रेड डाटाबेस) कायम राखेको छ ।

आर्थिक कूटनीतिमा चासो राखेका नेपाली दूतावासका अधिकारीहरूले मातहतका देशहरूले के सामान कुन देशबाट कुन मूल्यमा आयात गर्दा रहेछन् भन्नेबारे प्रतिवेदन तयार गर्न सक्छन् । यस्तै खाकामा पर्यटन सम्बन्धी रिपोर्ट पनि तयार गर्न सकिन्छ । आर्थिक कूटनीतिको प्रसंगमा छुटाउनै नहुने विषय विदेशमा बसेका नेपालीहरूको सीप र दक्षतालाई स्वदेशमा प्रयोग गर्नु हो । आजको मानव सम्पर्क शून्य वातावरणमा विदेशमा रहेका दक्ष नेपालीहरूले देशलाई आफ्नै स्थानबाट अनलाइन माध्यम या छोटो भ्रमणबाट हुनसक्ने सेवा पुऱ्याउन सक्छन् । यो विकल्प 'नेपाल फर्क' भन्ने नाराभन्दा फरक छ । देशमा कतिपय विकास आयोजनाहरूको लागि विदेशी परामर्शदातृहरू प्रयोग भइरहेकै छन् ।

तिनै विषयमा विदेशीभन्दा दक्ष, नेपाली बोल्ने, नेपालको वस्तुस्थिति बुझेका, अन्तर्राष्ट्रिय अनुभव बटुलेका र काम गर्न इच्छुक नेपाली विशेषज्ञ उपलब्ध छन् । नेपालकै केही गैरसरकारी अनुसन्धान केन्द्र तथा प्राज्ञिक संस्थाहरूले विशेषज्ञहरूको सूची बनाएर केही काम गरि सकेका पनि छन् । तर यस विषयमा सरकारी तह र गैरआवासीय नेपाली संघ दुवैको अग्रसरता फितलो छ ।

### बृहत् तथ्याङ्क-सूचनाको नवीन स्रोत

कूटनीतिक अंगहरूलाई चाहिने सूचना तथा तथ्याङ्कको सूची लामो छ तर उनीहरूको प्राविधिक तथा वित्तीय अवस्था कमजोर छ । यो समस्याको समाधान पनि प्रविधिले नै दिन्छ । तथ्याङ्कका धेरै क्षेत्रमा परम्परागत गणना पद्धतिलाई बृहत् तथ्याङ्कले विस्थापित गर्दै गएको छ । बृहत् तथ्याङ्क (बिग डाटा) भनेको इन्टरनेट, मोबाइल र स्थिर उपकरणहरूको माध्यमबाट प्राप्त तथ्याङ्क हो जसको संकलनमा भिन्दै लगानी चाहिंदैन । तर यसमा संख्या मात्र नभई लिखत, ध्वनि, चित्र पनि हुने हुनाले यसको आयतन अजङ्गको हुन्छ र त्यसको प्रशोधन गरी आवश्यक सूचना मात्र निकाल्न विशेषज्ञले तयार गरेको सफ्टवेयर चाहिन्छ ।

सामान्य उदाहरणको लागि हरेक दूतावासले प्रवेशद्वारमा राखेको सर्भेलेन्स क्यामेरा, सोधपुछको लागि गरिएका फोन, सामाजिक सञ्जाल र वेबसाइट प्रयोगकर्ताहरूको लगतबाट सो देशमा कति नेपाली रहेछन् भन्ने अनुमानित संख्या निकाल्न सक्छ । यो कार्य सबै दूतावासमा जडान गर्न मिल्ने एउटै सफ्टवेयरद्वारा सम्पन्न हुन सक्छ ।

कतिपय विकसित देशहरूमा प्रशासनिक अभिलेख नै तथ्याङ्कको मूल स्रोत बनिसकेकोले त्यस्ता देशहरूमा बस्ने नेपालीहरूको संख्या त्यहाँको सरकारी आँकडाबाट नै लिन सकिन्छ । अमेरिकामा बस्ने नेपालीहरूको विवरण त्यहाँको जनगणना (तथ्याङ्कको प्राथमिक स्रोत) बाट नै उपलब्ध छ । जहाँ सजिलै उपलब्ध छैन त्यहाँ बृहत् तथ्याङ्क स्रोतबाट संकलन गर्न सकिन्छ । उल्लिखित सफ्टवेयरमा तथ्याङ्कको स्रोतको साइटको ठेगाना दिए कम्प्युटर प्रणालीबाट नै बाह्य स्रोतका आँकडा आयात गर्न सकिन्छ ।

यी त भए सूचनाका कुरा । तर दूतावासको जनशक्तिको दक्षता नभई तथ्याङ्कबाट मात्र काम हुन सक्दैन । व्यक्तिगत योग्यताभन्दा दलीय भागबन्डाको आधारमा नियुक्त राजदूतबाट यस्तो व्यावसायिक र दिनप्रतिदिन प्राविधिक बन्दै गएको कूटनीतिक कार्यको व्यवस्थापन अत्यन्त चुनौतीपूर्ण छ । राजदूत छनोटको लागि गरिएको सुनुवाइ प्रक्रिया हेर्दा उम्मेदवारहरूलाई प्रश्न गर्ने सांसदहरूसँग आफ्नै प्रश्नबारे कति ज्ञान होला भन्ने संशय उत्पन्न हुन्छ । माथि नै उल्लेख भए जस्तै कूटनीतिमा समय नै सबै थोक हो र समयकै माग बमोजिम हुनुपर्ने सुधार गरी वैदेशिक सम्बन्धलाई विकासको दिशामा निर्देशित गर्नुपर्ने अमूल्य समय नेपालले निरन्तर गुमाइरहेको छ । *(साभार: अनलाइनखबर)*

# वर्तमान सरकार कति टिक्ला ?

केशव अधिकारी

अन्तत: नेकपा माओवादी एकता केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारलाई एमालेले विश्वासको मत फिर्ता लिई सत्ताबाट हट्न बाध्य बनाएरै छोड्यो । प्रचण्डले आफूले संसद्बाट पुन: विश्वासको मत लिएर देखाउने ध्वाँस देखाए पनि उनको पक्षमा जम्मा ६३ मत मात्र परेपछि प्रधानमन्त्रीको पदबाट राजीनामा गरेर नयाँ सरकारको लागि मार्गप्रशस्त गर्न बाध्य भए । यसै क्रममा गत असार ३१ गते नेकपा एमालेका अध्यक्ष केपी ओली चौथोपटक नेपालको कार्यकारी प्रधानमन्त्रीका रुपमा सत्तारोहण गरी सोही दिन शपथसमेत ग्रहण गरे ।

निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालको प्रधानमन्त्रीत्व कालमा देशका राजनीतिक व्यक्तित्व, सरकारी कर्मचारी आदिका भ्रष्टाचारी कुकर्मले गर्दा थला परेको देशलाई त्यसबाट मुक्त गर्न नसके पनि त्यसको उत्खनन गर्ने थालनी गरेकोमा आमजनतामा आशाको लहर पलाउन थालेको थियो । त्यसबाहेक भने प्रचण्ड नेतृत्वको सरकारले गरेका उल्लेख्य काम खासै देखिँदैनन् ।

हालै गठन भएको केपी ओली नेतृत्वको सरकार पनि खास लामो समय टिक्ला भन्ने कुरा विश्वास गर्न सकिने ठाउँ छैन । प्रचण्ड नेतृत्वको सरकारले थालनी गरेको भ्रष्टाचारको चिरफार तथा भ्रष्टाचारीलाई उचित कार्यवाहीको दायरामा ल्याउने कामको निरन्तरता दिन नसकेको खण्डमा ओली सरकारको लामो समय टिक्ने आधार क्रमश: भत्कन थाल्छ । उनको सरकार चाँडै धराशायी हुन पुग्छ । यदि नेकपा एमाले बहुमतको एकल पार्टीको एकमना सरकार हुन्थ्यो भने अबको पूरै समय टिक्ने सम्भावना प्रबल रहने थियो । तर नेपाली कांग्रेस पार्टीसँग गाँसिएर बनेको सरकार हुनाले कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो मकसद पूरा हुँदै जान थालेपछिका दिनमा ओलीलाई पत्याउन छोड्ने दिन पनि आउँछ भनेर हेक्का राख्नुपर्ने हुन्छ ।

ओली नेतृत्वको सरकारका नेताहरुले नै विगतको समयमा विभिन्न काण्डहरु मच्चाएको अभियोग लागेको मात्र होइन कि यिनले गरेका विभिन्न काण्ड जस्तै- नक्कली भुटानी शरणार्थी काण्ड, गिरीबन्धु काण्डजस्ता दर्जनौं काण्ड मच्चाएका कुरा छताछुल्ल भइसकेका छन् । भ्रष्टाचारको जुनसुकै काण्ड मच्चाउने भए पनि ती अपराधी मान्छे हुन् र तिनलाई सख्त कार्यवाही हुनै पर्छ भन्ने देखिन्छ । वर्तमान सरकारमा सहभागी कांग्रेस र एमालेका कतिपय नेता स्वयं विभिन्न अपराध कर्ममा लागेका र अहिले आफ्ना अपराध लुकाएर चोखिनको लागि सत्तामा गएका हुन् भन्ने विश्लेषणमा सत्यताको केही मात्रा भेटिन सक्छ । यी सबै कारणले गर्दा कमरेड केपी ओली नेतृत्वको सरकारको आयु प्रचण्डको जति पनि लामो नरहला भन्ने अनुमान राजनीतिक वृत्तमा समेत हुन थालेको पाइन्छ ।

नेतृत्व घटकका कांग्रेसी नेता तथा सभापति शेरबहादुर देउवाकी पत्नी आरजु देउवासमेत नक्कली भुटानी शरणार्थी काण्डजस्ता धेरै काण्डमा मुछिएको र प्रचण्ड नेतृत्वको सरकार कायम रहँदाकै बखतमा पक्राउ पर्न सक्ने डरले भारततिर भागेकी भनेजस्ता हल्ला पनि बजारमा नआएका होइनन् । यदि यो विषयमा यथार्थको मात्रा अधिक रहेछ भने वर्तमानको केपी ओली नेतृत्वको सरकार भनेको त भ्रष्टाचारीहरुकै बाहुल्यता भएको आपराधिक संगठनजस्तो पनि लाग्दो रहेछ । विभिन्न काण्ड मच्चाउनेजस्ता आपराधिक कर्म गरेर लागेको पाप पखाल्नको लागि सरकारको नेतृत्वमा रहेर आफूलाई जोगाउने तानाबानामा लाग्ने मूल उद्देश्यले बनेको सरकारले देश र जनताका लागि फाइदा हुने काम केही पनि गर्न सक्नेछैन । देश र जनताका हितमा काम गर्न नसक्ने सरकारसँग नेपाली जनताले कुनै महान् तथा नि:स्वार्थ भावले गरिने कर्मको अपेक्षा राख्नु भनेको आकाशको फल आँखा तरी मर् भनेजस्तो मात्रै हो ।

वर्तमान सरकारको नेतृत्व गरिरहेका केपी ओली महोदयले आफूलाई एक कम्युनिस्ट नेता नभनेर सिद्धान्त हराएको मान्छे भन्दा सुहाउँछ कि ? हिजोका दिनमा अर्को कम्युनिस्ट घटकको टाउको काटेर ल्याउने आदेश दिई हजुर सरकारको दास बनेका व्यक्तिसँग आज आन्द्रो जोडेर सत्ताको पखेटा चढ्दा अलिकति सरमको कुरो केही पनि हुने रहेनछ । सत्ताको मोहमा फसेको मान्छेले सिद्धान्त, आदर्श सबै कुरालाई कुनामा थोपरेर चोखो बन्न खोज्नुपर्ने रहेछ ।

सत्तामा रहेको व्यक्तिलाई दिँदै आएको विश्वासको मतलाई अविश्वासमा परिणत गरेपछिका दिनमा सत्ताको बागडोर सम्हालेर अगाडिको सत्ताधारीले भन्दा राम्रा र देश र जनताका हितमा प्रभावकारी काम गर्न सकेको अवस्थामा मात्र दोस्रो सत्ताधारीले आमजनताको विश्वास जितेकोजस्तो महसुस होला । नत्र भने पहिलो र दोस्रोमा कुनै भेद हुँदैन वा दोस्रो अझै खराब वा लालची भएर अनियमितताका काममा पराकाष्ठा कटाउँछ भने ऊ सत्तारोहण गर्नुको औचित्य समाप्त भएर जान थाल्छ । त्यस्तै प्रचण्डको तुलनामा ओली र देउवाले के-कस्ता काम गरेर करोड नेपाली जनको मन जित्लान् त भन्ने प्रश्न उठ्छ । यो प्रश्नको उत्तरमा यदि जनप्रेमी काम गर्न सक्दैनौ भने नगर तर ज्यान मारेको प्रमाणित भई जेल सजाय भोग्दै गरेकोलाई शक्तिको भर मा उन्मुक्ति दिई आमजनता त्रस्त भएर बाँच्नुपर्ने वातावरण भुलेर पनि सिर्जना नगर ।

*(साभार: नेपाल समाचार-पत्र)*

# मल र वर्षाले राहत, सकियो ९२ प्रतिशत रोपाइँ



काठमाडौं/मुलुकमा ९२ प्रतिशत रोपाइँ सकिएको छ । धान रोपाइँ हुने कुल क्षेत्रफलमध्ये १३ साउनसम्म ९२.४ प्रतिशत रोपाइँ भएको कृषि मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार धान खेती हुने १३ लाख ९८ हजार २ सय ७३ हेक्टर क्षेत्रफलमध्ये १२ लाख ९२ हजार २ सय २१ हेक्टर मा रोपाइँ सकिएको हो । प्रदेश अनुसार सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा ९९.६ प्रतिशत रोपाइँ भएको छ । यहाँ १ लाख ७४ हजार ७६ हेक्टर क्षेत्रफलमध्ये १ लाख ७३ हजार ७ सय ९९ हेक्टर रोपाइँ भएको हो ।

यस्तै कर्णाली प्रदेशमा ४१ हजार ९ सय ४ हेक्टरमध्ये ४० हजार ६ सय २३ अर्थात ९६.९ प्रतिशत रोपाइँ भएको छ । गण्डकी प्रदेशमा ९१.९ प्रतिशत अर्थात् ९६ हजार ५३ हेक्टरमध्ये ८८ हजार २ सय ५२ हेक्टर रोपाइँ भएको छ । त्यसैगरी लुम्बिनी प्रदेशमा ३ लाख ११ हजार ६ सय ४३ मध्ये २ लाख ८४ हजार ४ सय ८५ हेक्टर अर्थात् ९१.३ प्रतिशत रोपाइँ भएको छ ।

बागमती प्रदेशमा ९०.८ प्रतिशत अर्थात् १ लाख १२ हजार २ सय २३ हेक्टर धान खेती हुने क्षेत्रफलमध्ये १ लाख २ हजार हेक्टरमा रोपाइँ सकिएको कृषि मन्त्रालयले जनाएको छ । धान खेती हुने सबैभन्दा धेरै क्षेत्रलफल भएको मधेश प्रदेशमा ९२ प्रतिशत सकिएको छ । ३ लाख ८३ हजार १ सय ५० हेक्टर क्षेत्रफलमध्ये ३ लाख ५२ हजार ४ सय ४३ हेक्टरमा रोपाइँ भएको हो । यस्तै कोसी प्रदेशमा २ लाख ७६ हजार ३ सय ८६ हेक्टर मध्ये ९०.७ प्रतिशत अर्थात् २ लाख ५० हजार ६ सय २४ हेक्टरमा रोपाइँ भएको छ ।

### बढ्यो रोपाइँ प्रतिशत

कृषि मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीका अनुसार गत वर्षभन्दा यो वर्ष रोपाइँ हुने क्षेत्रफल बढेको छ । गत वर्ष १२ साउनसम्म कुल धान रोपाइँ हुने क्षेत्रलफलको ७८.१ प्रतिशत मात्रै रोपाइँ भएको थियो । उनका अनुसार यो वर्ष रोपाइँ हुने क्षेत्रफल बढ्नुको कारण समयमै भएको वर्षा हो । 'गत वर्ष धानको बिउ राख्ने बेला, रोपाइँ हुने बेला पर्याप्त पानी परेको थिएन तर यो वर्ष पानी समयमै पऱ्यो, त्यसकारण पनि रोपाइँ हुने क्षेत्रफल बढेको हो ।'

केसीका अनुसार रासायनिक मलको उपलब्धता गत वर्षभन्दा सहज भएकाले पनि बेलैमा रोपाइँ भइरहेको छ । 'विगतका वर्षहरूमा मलको हाहाकार लाग्ने गर्थ्यो, तर यो वर्ष रासायनिक मलको खासै समस्या छैन, त्यसकारण पनि रोपाइँ धमाधम भइरहेको हो,' उनले भने ।

### उत्पादन बढ्ने आकलन

कृषि प्रवक्ता केसी यो वर्ष नेपालमा धान उत्पादन बढ्ने आकलन गर्छन् । गत वर्ष धानको सिजन सुरुवातमै पानी र मलको समस्या थियो । त्यसले पनि उत्पादन राम्रो नभएको उनको तर्क छ ।

'धान उत्पादन तुलनात्मक रूपमा बढेको छ, तर त्यो प्रविधि प्रयोगले हो, समयमै वर्षा भएको भए र किसानलाई सहज मल पुऱ्याउन सकेको भए गत वर्ष उत्पादन राम्रो हुने थियो,' केसीले भने, 'यो पटक अहिलेसम्मको अवस्था हेर्दा धानमा उत्पादन राम्रो हुने देखिन्छ ।'

गत आव २०८०/०८१ मा ५७ लाख २४ हजार २ सय ३४ टन धान उत्पादन भएको थियो । यो अघिल्लो आव २०७९/८० भन्दा ४.३३ प्रतिशतले बढी हो । यो वर्ष समयमै भएको वर्षा र रासायनिक मल उपलब्धताले अझै राम्रो उत्पादन हुने मन्त्रालयको दाबी छ ।

कृषि मन्त्रालयका अनुसार गत आव २१ अर्ब रुपैयाँभन्दा धेरैको धान-चामल आयात भएको थियो । उक्त अवधिमा करिब १२ अर्बको धान र करिब ९ अर्बको चामल आयात गरेको थियो । त्यो बाहेक करिब १ अर्बको धानको बिउ र १० लाख रुपैयाँको कनिका पनि आयात गरेको मन्त्रालयले जनाएको छ ।

### साढे ७८ हजार टन रासायनिक मल मौज्दात

कृषि मन्त्रालयका अनुसार ३१ असारसम्म नेपालमा ७८ हजार ४ सय २९ टन रासायनिक मल मौज्दात छ । कृषि सामग्री कम्पनीसँग ४७ हजार ६ सय ६७ टन र साल्ट ट्रेडिङ कम्पनी लिमिटेडसँग हजार ७ सय ६१ टन मौज्दात छ ।

कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङँग गरी ३७ हजार ८ सय १० टन युरिया मल, ३१ हजार ९ सय १७ टन डीएपी तथा ८ हजार ७ सय १ टन पोटास मौज्दात रहेको मन्त्रालयले जनाएको छ । २०८०/८१ मा ४ लाख ५४ हजार ९ सय ६९ टन मल बिक्री भइसकेको छ । जसमा कृषि सामग्रीले २ लाख ५३ हजार ७ सय ५६ टन र साल्ट ट्रेडिङले २ लाख १ हजार २ सय १२ टन बेचेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'नम्बरी सुन'मा सुनको इतिहास छ : निर्माता खाती



काठमाडौं/यही साउन २५ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'नम्बरी सुन'का कलाकार तथा निर्माता नारायण खाती पेशाले सुन व्यवसायी हुन् । यसैले त उनले फिल्म हेर्ने १२ जनालाई सुनको 'चन्द्रहार' उपहार दिने घोषणा गरेका छन् । फिल्मले उठाएको कथा पनि सुनसँगै सम्बन्धित छ । सुनको इतिहासलाई मुख्य विषयवस्तु बनाएर फिल्मले अन्तरजातीय सम्बन्धको कथा उठान गरेको छ ।

सुन व्यवसायीलाई प्रेरणा दिन र सुनको इतिहासलाई चिनाउन फिल्म बनाएको निर्माता खातीको भनाई छ । 'फिल्मको 'कन्सेप्ट' मेरै हो । यो वास्तविक कथा हो । फिल्ममा सुनको इतिहास छ । परापूर्व कालमा सुन र कालीगढी काम कसरी अगाडि बढ्यो भन्ने कुरा देखाएका छौं,' उनी भन्छन्, 'सुन जन्मदेखि अन्त्यसम्म चाहिन्छ । यसको आफ्नै इतिहास छ । त्यही इतिहास फिल्ममा आएको छ ।'

फिल्ममा नारायण आफैंले कालीगढको भूमिका निर्वाह गरेका छन् । उनको छोराको भूमिकामा अभिनेता गौरव पहारी छन् । उनले यसअघि फिल्म 'कोहिनूर'मा पनि अभिनय गरेका थिए । तर, भूमिका सानो थियो । बाल्यकालदेखि नै कलाकारिताप्रति रुचि भएका उनले 'नम्बरी सुन'भन्दा अगाडि केही सिरिज निर्माण गरेका थिए । त्यसैको अनुभवले खातीलाई फिल्म निर्माण गर्न हौसला मिल्यो ।

'नम्बरी सुन'मा बनावटी केही पनि नरहेको उनको दावी छ । सबै कुरा वास्तविक देखाइएको उनी बताउँछन् । तर, आफैं निर्माता र कलाकार हुँदा उनलाई निकै चुनौती महसुस भएको रहेछ । 'निर्माताका रुपमा यो मेरो पहिलो फिल्म हो । निर्माता र कलाकार दुवै अनुभव संगालें । तनाव धेरै हुँदो रहेछ । फिल्ममा ठूलै पैसा लगानी भएको छ', नारायण भन्छन्, 'कुनै चीजमा कम्प्रमाइज गरिएन ।' 'नम्बरी सुन' सफल भए उनी अझै फिल्म बनाउने सोचमा छन् । 'यो फिल्मले लगानी उठाउनेमा म आशावादी छु । किनकि, फिल्म एकदमै राम्रो बनेको छ ।

# ४० दिनमा प्रकाश सपूतको 'पूर्ण बहादुरको सारङ्गी' प्याकअप



काठमाडौं/गत वर्षको सुपरहिट फिल्म 'परदेशी २'बाट अभिनेताको रुपमा डेब्यु गरेका चर्चित गायक प्रकाश सपूतले आफ्नो दोस्रो फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को छायांकन सकाएका छन् । ओखलढुङ्गाको रुम्जाटार क्षेत्रमा ३६ दिन र काठमाडौंमा ४ दिन गरी ४० दिनमा फिल्म 'प्याकअप' भएको हो । अब पोस्ट प्रोडक्सनको काम सुरु गरेर अर्को वर्षभित्र रिलिज गरिने निर्माता विनोद पौडेलले बताए ।

यो फिल्ममा कलाकारहरुको 'लाइनअप' बलियो छ । प्रकाशसँगै माओत्से गुरुङ, देशभक्त खनाल, अञ्जना बराइली, मुकुन भुसाल, बुद्धि तामाङ, विजय बराल, भोलाराज सापकोटा, विनोद न्यौपाने, जान्भि पौडेल, स्वायम् केसी आदिको अभिनय रहेको फिल्मलाई सरोज पौडेलले निर्देशन गरेका हुन् । निर्देशक पौडेल स्वयंको कथा रहेको फिल्ममा महेश दवाडीको पटकथा र संवाद लेखन छ ।

नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा वितरण गर्दै आइरहेको कम्पनी सेभेन सिज इन्टर टन्मेन्टको निर्माण रहेको फिल्मको निर्माता विनोद पौडेल र प्याट्रिक सुवेदी तथा कार्यकारी निर्माता रमेश चौलागाईं र हरि श्रेष्ठ हुन् । यसले गन्धर्व परिवारको कथा उठाएको छ । यो फिल्म 'प्याकअप' भएसँगै गायक प्रकाश आफ्नो निर्देशनमा बन्न लागेको 'वसन्त'को छायांकन सुरु गर्ने तयारीमा जुटेका छन् ।

# राजस्व संकलन लक्ष्य पूरा हुने गरी काम गर्न अर्थमन्त्रीको निर्देशन

काठमाडौं/उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले चालु आर्थिक वर्ष २०८१/८२ को राजस्व संकलन लक्ष्य पूरा हुने गरी काम गर्न सरोकारवालालाई निर्देशन दिएका छन् ।

गत आव २०८०/८१ को वार्षिक राजस्व समीक्षा गर्न अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री पौडेलले संसदले अनुमोदन गरेको राजस्व संकलन लक्ष्य पूरा गर्नुको विकल्प नरहेको बताए । उनले लक्ष्य प्राप्तिका लागि सबै सामर्थ्य लगाएर काम गर्न निर्देशन दिए । 'राजस्व परिचालनका हिसाबले संक्रमण अवस्थामा छौं, चलनचल्तीका हिसाबले अघि बढ्दा लक्ष्य प्राप्त गर्न सकिँदैन,' अर्थमन्त्री पौडेलले भने, 'चलनचल्तीको अभ्यासबाट माथि उठौं, कमी कमजोरीमा स्वमूल्यांकन गरौं, चुहावट नियन्त्रण गरौं, राजस्व परिचालनमा कमजोरी हुन नदिऔं ।'

चालु आवमा १४ खर्ब १९ अर्ब रुपैयाँ बराबर राजस्व संकलन लक्ष्य लिइएको छ । उद्योगी-व्यवसायी र करदातालाई मैत्रीपूर्ण व्यवहार गर्न आग्रह गर्दै अर्थमन्त्री पौडेलले आफ्नो कमजोरीसँग डराउने तर कर प्रशासनसँग नडराउने गरी सबै करदातालाई बुझाउन जरुरी रहेको धारणा व्यक्त गरे । उनले कर तिर्न उत्प्रेरित हुने वातावरण तयार पारेर अघि बढ्न पनि कर्मचारीलाई निर्देशन दिए ।

राष्ट्रिय योजना आयोग उपाध्यक्ष प्रा. डा. शिवराज अधिकारीले राजस्व संकलन कसरी गर्ने भनेर स्पष्ट योजना अघि बनाएर अघि बढ्न सुझाव दिए । त्यस्तै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले संरचना र स्रोतहरू बदलिएकाले राजस्व परिचालन प्रभावकारी बनाउन नीतिगत परिवर्तनको आवश्यकता औंल्याए ।

अर्थ सचिव मधुकुमार मरासिनीले अर्थतन्त्रका गतिविधि सेवातिर अघि बढेकाले राजस्व संकलनमा त्यस क्षेत्रमा पनि ध्यान दिनुपर्ने धारणा व्यक्त गरे । राजस्व सचिव डा. राम प्रसाद घिमिरेले करदातालाई मैत्रीपूर्ण व्यवहार गर्दै आवश्यक सहजीकरण गरेर अघि बढ्नुपर्ने बताए । गत आव २०८०/८१ मा १४ खर्ब २२ अर्ब ५४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा १० खर्ब ८२ अर्ब ५४ करोड संकलन भएको थियो ।

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नमुना प्रगति बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनोद सुवेदी (प्रिन्सिपल) एवम्
बाल जागृति इङ्लिस बोर्डिङ स्कूल, परिवार
हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शम्भु प्रसाद बर्तौला (प्रधानाध्यापक) एवम्
बाल उज्ज्वल मा.वि., परिवार
हेटौंडा-३, लेवट, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भेष खड्गी (अध्यक्ष) एवम्
मकवानपुर साझा यातायात प्रा.लि. नगर बस

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ईश्वर प्रसाद लामिछाने (प्रधानाध्यापक) एवम्
जी.एस. निकेतन मा.वि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बालगोपाल कँडेल (अध्यक्ष) एवम्
निर्माण व्यवसायी संघ, परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रघुनाथ खराल (प्रधानाध्यापक) एवम्
नारायणी कलेज/तुलसी मेहर मेमोरियल मा.वि., परिवार

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नवोदय शिशु सदन परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नारायण प्रसाद देवकोटा (अध्यक्ष) एवम्
जिल्ला सहकारी संघ, परिवार
हेटौंडा-१, मकवानपुर

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# १९२ मेक्ट्रिकटन बीउ प्रमाणीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १४ साउन/ प्रदेश बीउबिजन गुणस्तर नियन्त्रणकेन्द्र हेटौंडाले एकसय बयान्नब्बे मेक्ट्रिकटन बीउ प्रमाणीकरण गरेको छ । गत आर्थिक बर्ष २०८०/८१ मा दुईसय मेक्ट्रिक्टन बीउ प्रमाणीकरण गर्ने लक्ष्य राखेकोमा झण्डै लक्ष्य अनुसारको बीउ प्रमाणीकरण गर्न सफल भएको हो ।

एक वर्षको अवधिमा केन्द्रले धानको ८५ दशमलव ९१ मेक्ट्रिकटन, गहुँको ७४ दशमलव ७२ मेक्ट्रिकटन र मकैको ३१ दशमलव ३७ मेक्ट्रिकटन बीउ प्रमाणीकरण गरेको प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र बाली विकास अधिकृत एवम् सूचना अधिकारी सिर्मला योन्जनले जानकारी दिइन् । बिशेष गरेर प्रदेशका चितवन, नुवाकोट र दोलखाको मुल बीउको प्रमाणीकरण गरिएको उनले बताइन् ।

चितवन, धादिङ, काभ्रे, मकवानपुर, दोलखा, सिन्धुपाल्चोक र नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुरमा उत्पादन भएको धान, गहुँ, मकै, तोरी, मुसुरो, कोदो, भटमास लगायतको बालीको प्रदेश बीउबिजन गुणस्तर निणन्त्रण केन्द्रले बीउ सिफारिस र प्रमाणीकरण गर्दै आएको प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र हेटौंडाका सूचना अधिकारी योन्जनले बताएकी हुन् । उनले उमारशक्ति, चिस्यान र बीउको शुद्धताको आधारमा प्रमाणीकरण गर्ने गरेको बताइन् ।

प्रदेशमा खेत अर्थात बाली निरीक्षण बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा बाली निरीक्षण बढेको तथ्यांक छ । केन्द्रको तथ्यांक अनुसार आव २०७९/८० मा एकहजार १८५ दशमलव ७२ हेक्टरमा बाली निरीक्षण गरिएकोमा गत आवमा २०८०/८१ मा एकहजार २३३ दशमलव ८ हेक्टर क्षेत्रफलमा बाली निरीक्षण गरेको हो । धान ७०५ दशमलव ३१ हेक्टर, मकै ६५ दशमलव ८३ हेक्टर, गहुँ ४३८ दशमलव ६ हेक्टर, तोरी १२ दशमलव ९४ हेक्टर, पालुंगो १६



हेक्टर र कोदो ४ दशमलव ४ हेक्टर क्षेत्रफलमा गरिएको बाली निरीक्षण गरिएको हो । बीउको गुणस्तर नियन्त्रण, रोग लागेकालाई निष्कासित गर्न र उत्पादन, उमार शक्ति राम्रो भएको बीउका लागि बाली निरीक्षण गरिएको सूचना अधिकारी योन्जनको भनाई छ ।

केन्द्रको उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम चार जिल्लामा सञ्चालन गरिएको थियो । चितवन, मकवानपुर, धादिङ र काभ्रेमा उन्नत बीउ उत्पादनमा प्रोत्साहन गर्न ५ सय ३५ दशमलव ७५ हेक्टरमा प्रोत्साहन गरिएको हो । क्षेत्र निर्धारणका आधारमा बीउ उत्पादनसँग जोडिएका समूह, सहकारी, कम्पनीका किसानलाई उन्नत बीउ उत्पादन गर्न प्रोत्साहन गर्ने हेतुले प्रतिहेक्टर १५ हजार र मूल बीउका लागि प्रतिहेक्टर २० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको थियो ।

# मन्त्रीद्वय महर्जन र ठकुरीको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १४ साउन/ बागमती प्रदेश सरकारका नवनियुक्त युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र संस्कृति, पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरीको स्वागत तथा सम्मान गरिएको छ ।

जिल्ला खेलकुद विकास समिति मकवानपुर तथा जिल्ला बक्सिङ संघ मकवानपुरका पूर्वअध्यक्ष वेष खड्गीको संयोजकत्वमा जिल्लास्थित खेल सम्बद्ध निकायका नेतृत्वकर्ता, खेलाडीले स्वागत तथा सम्मान गरेका हुन् । युवा तथा खेलकुद मन्त्री महर्जनले आफू खेलकुदमै अनवरत् मिहेनत गर्दै आएको हुँदा सोही मन्त्रालयमा बसेर खेलकुदको विकासमा लाग्न मन्त्रालय छनोट गरेको बताए ।

खड्गीले खेलकुद क्षेत्र बुझेको मन्त्री बागमती प्रदेशले पाएको भन्दै खुशी व्यक्त गरे । उनले खेलकुदमा चाहिने भन्दा अनावश्यक क्षेत्रमा बढी खर्च भइरहेकोप्रति ध्यानाकर्षण गराउँदै खेलकुदको विकासमा मात्रै मितव्ययी ढंगले खर्च गर्ने प्रणाली स्थापित गर्न अनुरोध गरे । पर्यटनमन्त्री ठकुरीले पर्यटनको सम्भावना प्रचुर भएको हुँदा त्यसको उजागरमा दिलोज्यान दिएर लाग्ने बताए ।

स्वागत तथा सम्मान कार्यक्रममा एथ्लेटिक्स संघका केन्द्रीय सदस्य प्रभाकर पाण्डे, बक्सिङ संघ जिल्लाका अध्यक्ष तथा अन्तराष्ट्रिय बक्सिङ खेलाडी सुशील घिमिरे, उपाध्यक्ष उज्वल शर्मा भण्डारी, कराते संघ मकवानपुरका उपाध्यक्ष रुपक लामा, उसु जिल्ला अध्यक्ष ज्योतिरत्न बज्राचार्य, उसु प्रशिक्षक विमल थापामगर, बक्सिङ प्रशिक्षकद्वय लालबहादुर पौडेल, अनिल दाहाल, कराते प्रशिक्षक सविन ब्लोन, विष्णु श्रेष्ठ, ब्याडमिण्टनका सदस्य तथा खेलाडी नरेन्द्र मोक्तान लगायतको सहभागिता थियो ।

# मुख्यमन्त्री लामाले आज विश्वासको मत लिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १४ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले मुख्यमन्त्री नियुक्त भएको ६ दिनमा अर्थात आज मंगलबार प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् ।

नेपाली कांग्रेस र एमालेको समर्थनमा ९ साउनमा मुख्यमन्त्री नियुक्त भएका लामाले नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेशसभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम विश्वासको मत लिनका लागि प्रस्ताव पेश गर्ने भएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । मुख्यमन्त्री लामाले विश्वासको मत लिने प्रयोजनका लागि पत्राचार गरेपछि प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले १५ साउन दिउस ३ बजेका लागि बैठक आह्वान गरेका छन् ।

१५ साउनमा विश्वासको मत लिन उनले प्रदेशसभा सचिवालयलाई आइतबार पत्राचार गरेका छन् । उनले १२ साउन अर्थात् शनिवार मात्रै सरकारलाई पूर्णता दिए । मुख्यमन्त्री कार्यालय सहित १३ मन्त्रालय रहेकोमा उनले एक मन्त्री बढाएर मन्त्रिपरिषद्लाई १४ सदस्यीय बनाए । मधुकुमार श्रेष्ठ विनाविभागीय मन्त्री छन् ।

कांग्रेसभित्र मन्त्रीका आकांक्षी धेरै भएकाले मन्त्री थप गर्नुपरेको उनको भनाई छ । सरकार विस्तारका क्रममा कांग्रेसमा विवाद भएको थियो । कांग्रेसभित्र अझै विवाद समाधान भइनसकेको नेताहरु बताउँछन् । यस्तो बेला उनले छिट्टै विश्वासको मत लिने तयारी गरेका हुन् ।

११० सदस्यीय प्रदेशसभामा सत्तारुढ दल नेपाली कांग्रेसका ३७, नेकपा एमालेका २७ सांसद छन् । सरकार टिकाउन ५६ सांसदको समर्थन आवश्यक रहेको लामासँग कांग्रेस र एमालेका मात्रै ६४ सांसदको समर्थन रहेको छ ।

विपक्षी दल माओवादी केन्द्रको २१, राप्रपाको १२ (सभामुख बाहेक), नेकपा (एकीकृत समाजवादी) को ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ सांसद छन् । यी पार्टीले लामालाई विश्वासको मत दिने वा नदिने बारे कुनै निर्णय गरिसकेका छैनन् ।

## थाहामा मेयर, प्रमुख प्रशासकीय र शाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १४ साउन/ थाहा नगरपालिकामा आर्थिक वर्ष २०८१/८२ का लागि नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्यसम्पादन सम्झौता भएको छ । सोमबार नगर कार्यपालिकाको सभाहलमा आयोजित एक कार्यक्रम बीच नगरप्रमुख विष्णु विष्ट र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीबीच कार्यसम्पादन करार सम्झौता भएको हो ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली, निजामती सेवा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन र नेपाल सरकारद्वारा समयसमयमा जारी निर्देशन र परिपत्रहरुमा आधारित भई प्रमुख प्रशासकीय अधिकृतको हैसियतमा आर्थिक वर्षभरि सम्पादन गर्ने कार्यको सम्बन्धमा नगरप्रमुखसँग कार्यसम्पादन करार गरिएको थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत गिरीले बताए ।

थाहा नगरपालिकामा नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएसँगै प्रमुख प्रशासकीय अधिकृत र शाखाप्रमुखहरुबीच कार्यसम्पादन सम्झौता भएको छ । नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शाखाप्रमुखहरु सहभागी कार्यक्रममा शाखाप्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत गिरीसँग कार्यसम्पादन सम्झौता गरेका हुन् । सम्झौतामा हस्ताक्षरअघि शाखा प्रमुखहरुले आफू र आफ्नो शाखाबाट वर्षभरिमा सम्पादन हुने कार्यको बारेमा जानकारी गराउँदै करारपत्र वाचन गरेका थिए ।

नगरको संगठनात्मक संरचनाअनुसार शाखा तथा कार्यक्रम प्रमुखले कार्यसम्पादन करार गरेको नगरका प्रशासन महाशाखा प्रमुख नवीन खालिङले जानकारी दिए । थाहा नगरपालिकाको नगरसभाबाट पारित नीति, कार्यक्रम र बजेटको आधारमा शाखाहरुले तयार पारेको आव २०८१/८२ को वार्षिक कार्ययोजना पनि सोमबार नै स्वीकृत गरिएको छ ।

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रिना आचार्य (प्रिन्सिपल) एवम्
सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी
हेटौंडा-१०, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
पालुङ्ग, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रताप बिष्ट (अध्यक्ष) एवम्
हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड, परिवार
हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना
साझाकुरा राष्ट्रिय दैनिक १३ औं बर्ष पूरा गरी १४ औं बर्षमा प्रवेश गरेको शुभअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगति एवम् समाज परिवर्तनमा सकारात्मक कलम चलोस् भनी सम्पूर्ण टिमलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हिरालाल श्रेष्ठ (अध्यक्ष) एवम् सरोज खनाल (महासचिव)
नारायणी यातायात व्यवसायी संघ, परिवार
हेटौंडा-४, मकवानपुर

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...



Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा प्रदान गर्दै आएको यस कम्पनीले अब विद्युतीय सवारीसाधन Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।
हेटौंडा–काठमाडौं–हेटौंडा
हेटौंडा–वीरगञ्ज–हेटौंडा
सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्
साथै, यस कम्पनीद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालक: भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना